प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : ०७९/८०

## कृषि फर्म/कृषक समूह/सहकारीको लागि कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मितिः २०७९/७/२०

कृषि ज्ञान केन्द्र, पर्वतको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु संचालन गर्न ईच्छुक पर्वत जिल्ला भित्रका कृषि फर्म, कृषक समूह तथा सहकारीले यो सूचना प्रकाशन भएको मितिले २० दिन भित्र (२०७९/८/१२ सम्म) तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र, पर्वतमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स | कार्यक्रम | कुल बजेट (लाखमा) | कैफियत |
|---|---|---|---|
| १ | खुला जमिनमा प्राङ्गारिक उत्पादन प्रवर्धन कार्यक्रम | १२ | • एकल फर्मको लागि ५ रोपनी तथा समुह/सहकारीको लागि क्लटरमा कम्तिमा ६० रोपनी क्षेत्रफलमा कार्यक्रम संचालन गर्नुपर्ने |
| २ | संरक्षित संरचनामा प्राङ्गारिक उत्पादन प्रवर्धन कार्यक्रम | १८ | • न्युनतम २०० बर्ग मि को हुनु पर्ने |
| ३ | कृषि उपजको बजार प्रवर्धन कार्यक्रम | २.३५ | • समुह सहकारी मार्फत संकलन,प्याकेजिङ, ग्रेडिङ र भण्डार केन्द्र निर्माण गर्न सकिने |
| ४ | कृषि उपजको प्याकेजिङ्ग तथा लोगो छपाइ र प्रमाणिकरण | ३ | • व्यवसायिक रुपमा प्राङ्गारिक खेति गर्दै आएको फर्म/समुह/सहकारीलाइ प्राथमिकता दिइने |
| ५ | मकै बीउ स्रोत केन्द्र स्थपना तथा सुदृढिकरण सहयोग | १५ | • मकैको बीउ उत्पादन गर्दै आएको फर्म/समुह/सहकारीलाइ प्रथामिकता दिइने |
| ६ | सुन्तलाजात फलफुल नर्सरी सुदृढीकरण कार्यक्रम | १० | • कम्तिमा २ रोपनी क्षेत्रफल तथा समुन्द्रि सतहबाट १००० मि माथि हुनुपर्ने<br>• कम्तिमा एउटा जालीघर तथा बार्षिक १२००० बिरुवा उत्पादन गर्नुपर्ने |

आवश्यक कागजातहरुः

- कृषक समुह कृषि सहकारीको हकमा/दर्ता प्रमाणपत्र (नविकरण गर्नुपर्ने भएमा नविकरण गरेको), PAN/VAT दर्ता प्रमाणपत्र ,वार्षिक अडिट रिपोर्ट र संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि, जग्गाधनी पुर्जाको प्रतिलिपी र जग्गा करार / लिजमा लिई कार्यक्रम गर्नेको हकमा न्युनतम १० वर्षको लागि करार सम्झौताको प्रतिलिपि।
- अघिल्लो दुई आ.व. मा कुनै कार्यालयबाट सोहि प्रकृतिको अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र।
- सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।
- रु. १० को टिकट सहितको निर्दिष्ट ढाँचाको निवेदन प्रस्ताव।
- कार्यक्रमको संख्या वार्षिक बजेटको परिधिभित्र रहि कार्यविधिले तोकेको न्युनतम मापधन्ड पुरा हुने तरिकाले तय गरिने छ।

नोटः लागत साझेदारी कृषि फर्मको लागि ५०% र समुह/सहकारीको लागि ८५% हुने छ।

मनिता थापा
मनिता थापा
प्रमुख/अधिकृतस्तर नवौं

थप जानकारीको लागिः विश्वास काफ्ले (कृषि प्रसार अधिकृत) – ९८५७६४११३०


**Gmail:** akcparbat@gmail.com
**Website:** parbat.akc.gov.np
**Facebook:** कृषि ज्ञान केन्द्र, पर्वत
फोन नः ०६७- ४२०१३०


CS Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : ०७९/८०

**कृषि फर्म/कृषक समूह/सहकारीको लागि कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!**

**प्रथम पटक प्रकाशित मितिः २०७९/७/२०**

कृषि ज्ञान केन्द्र, पर्वतको आ.व. २०७९/८० का तपशिल बमोजिमका वार्षिक स्वीकृत कार्यक्रम संचालन गर्न तोकिएको कमाण्ड क्षेत्र भित्र पर्ने ईच्छुक कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनी ले यो सूचना प्रकाशन भएको मितिले २० दिन भित्र (२०७९/८/१२ सम्म) तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र, पर्वतमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क.स | कार्यक्रम | वाली | वजेट (लाखमा) | कमाण्ड क्षेत्र | लागत साझेदारी |
|---|---|---|---|---|---|
| १ | व्यवसायिक कृषि उत्पादन केन्द्र(ब्लक) विकास कार्यक्रम | अलेची | १३.६ | मोदी गा.पा वडा न. १, ४ र ५ | परियोजना कार्यान्वयन म्यानुअल २०७८ अनुसार ५० देखि ८५% सम्म |
| | | मकै | १३.६ | पैयु गा.पाका सवै वडाहरु (वडा नं. १-७) | परियोजना कार्यान्वयन म्यानुअल २०७८ अनुसार ५० देखि ८५% सम्म |
| | | तरकारी | १३.६ | बिहादी गा.पा वडा नं. १,२ ,४ र ५ | परियोजना कार्यान्वयन म्यानुअल २०७८ अनुसार ५० देखि ८५% सम्म |
| २ | तेलहन वाली प्रवर्धन कार्यक्रम | तेलहन | २५ | तेलहनवाली लगाइने जिल्लाका सवै क्षेत्र | फर्मको लागि ५०%<br>समुह/सहकारीको लागि ८५% |
| ३ | उन्नत बीउ तथा स्रोत विउ उत्पादकको लागि पुर्वधार तथा प्रशोधन विकास सहयोग कार्यक्रम | बीउ | स्रोत बीउ - १० लाख<br>उन्नत बीउ - ९ लाख | जिल्लाका उन्नत तथा स्रोत बीउ उत्पादक सवै | फर्मको लागि ५०%<br>समुह/सहकारीको लागि ८५% |

आवश्यक कागजातहरुः

- कृषक समुह कृषि सहकारीको हकमा/दर्ता प्रमाणपत्र (नविकरण गर्नुपर्ने भएमा नविकरण गरेको), PAN/VAT दर्ता प्रमाणपत्र ,वार्षिक अडिट रिपोर्ट र संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि, जग्गाधनी पुर्जाको प्रतिलिपी र जग्गा करार / लिजमा लिई कार्यक्रम गर्नेको हकमा न्युनतम १० वर्षको लागि करार सम्झौताको प्रतिलिपि।
- तेलहनवाली प्रवर्धन कार्यक्रमको लागि कम्तिमा ३० रोपनी क्षेत्रफलमा क्लष्टरमा खेति गरेको हुनु पर्ने।
- अघिल्लो दुई आ.व. मा कुनै कार्यालयबाट सोहि प्रकृतिको अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र।
- सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।
- रु. १० को टिकट सहितको निर्दिष्ट ढाँचाको निवेदन प्रस्ताव।

मनिता थापा
प्रमुख/अधिकृत

**Gmail:** akcparbat@gmail.com
**Website:** parbat.akc.gov.np
**Facebook:** कृषि ज्ञान केन्द्र, पर्वत
फोन न: ०६७- ४२०१३०

Scanned with CamScanner